# स्थानीय पाठ्यक्रम

**आधारभूत तह (कक्षा ६-८)**

# मल्लरानीको पहिचान

**मल्लरानी गाउँपालिका**
**प्युठान**
**२०७८**

सर्वाधिकार प्रकाशकमा

**संरक्षक**

| | |
|---|---|
| श्री अमरध्वज राना मगर | अध्यक्ष |
| श्री सरिता जि.सी. | उपाध्यक्ष |

**प्राविधिक सहयोग**

श्री युवराज अधिकारी, पाठ्यक्रम विकास केन्द्र

**पाठ्यक्रम निर्माण तथा लेखन समिति**

| | |
|---|---|
| श्री दिनामणि पौडेल | संयोजक |
| श्री कल्पना खड्का | सदस्य |
| श्री बसन्तलाल शाक्य | सदस्य |
| श्री ध्रुब गिरी | सदस्य |
| श्री ठाकुरप्रसाद आचार्य | सदस्य |

**सल्लाहकार**

| | |
|---|---|
| श्री वालकृष्ण थापा | प्रमुख प्रशासकीय अधिकृत |
| श्री कमानसिंह के.सी. | लेखा अधिकृत |
| श्री चक्रपाणि पौडेल | सदस्य नेपाल शिक्षक महासंघ केन्द्रीय समिति |

**प्रकाशक : मल्लरानी गाउँ कार्यपालिका, प्युठान**

**सर्वाधिकार प्रकाशकमा**

**प्रथम संस्करण : २०७८**

**आवरण डिजाइनः ध्रुब गिरी**

# भूमिका

बालबालिकाहरुको सर्वाङ्गीण विकासको लागि विद्यालयभित्र तथा बाहिरबाट उनीहरुमा सिकाइका अनुभवहरु हासिल गराउने मुख्य शैक्षिक योजना वा दस्तावेज पाठ्यक्रम हो । शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्न नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिकहकको रुपमा प्रत्याभूत गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले कक्षा १ देखि ८ सम्म नै पठनपाठन हुने गरी स्थानीय आवश्यकता र विषयवस्तु स्थानीय विज्ञको सहभागितामा स्थानीय तहको सहयोग र समन्वयमा मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय पाठ्यक्रम कार्यान्वयनले स्थानीय पेशा, व्यवसाय, मूल्य, मान्यता, भाषा, कला र संस्कृतिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याएको हुन्छ । स्थानीय विशेषताको एकीकृत स्वरूपले राष्ट्रिय पहिचानको समेत प्रतिनिधित्व गरेको हुन्छ । स्थानीय आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने अभ्यास विश्वव्यापी रूपमा भइरहेको छ ।

विद्यालय शिक्षाको मुख्य दस्तावेज राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले गरेको प्रावधान अनुसार **"मल्लरानीको पहिचान"** नामक स्थानीय पाठ्यक्रम विकास गरिएको छ । पाठ्यक्रम निर्माणका लागि गाउँ शिक्षा समितिबाट पाठ्यक्रम निर्माण तथा लेखन समिति र सल्लाहकार समिति गठन गरिएको थियो । गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले मल्लरानी गाउँपालिकाका सरोकारवालाहरू तथा पाठ्यक्रम विज्ञको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माणको लागि आवश्यकता पहिचान गरी प्राथमिकीकरण गरेको थियो । पाठ्यक्रम निर्माण तथा लेखन समितिले पाठ्यक्रम विज्ञद्धारा तयार गरिएको पाठ्यक्रम विकासको ढाँचाबमोजिम पाठ्यक्रमको मस्यौदा तयार गरेको थियो भने त्यसलाई पाठ्यक्रमको चरण तथा प्रक्रिया अनुरुप अन्तिमीकरण गर्ने कार्य पाठ्यक्रम विज्ञद्धारा गरिएको थियो ।

विकास गरिएको स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०७९ देखि गाउँपालिका भित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा एकै साथ लागु गरिनेछ । यस पाठ्यक्रमले स्थानीय आवश्यकतामा आधारित व्यवहारिक विषयवस्तुहरू समावेश गरेको छ भने सिकाइ सहजीकरण प्रक्रिया समेतलाई पयोगात्मक तथा परियोजनामा आधारित सिकाइ विधिको अवलम्बन गर्नु पर्ने कुरामा जोड दिएको छ । यस पाठ्यक्रमको कार्यान्वयनले मल्लरानी गाउँपालिकाको विविध पक्ष (मल्लरानीको परिचय, हाम्रो वातावरण, मल्लरानीका सम्पदाहरु, हाम्रा पेसा व्यवसाय र प्रविधि, व्यक्ति तथा संस्थाको परिचय तथा योगदान, गाउँ व्यवस्थापन तथा सुरक्षित विद्यालय) लगायतका विषयवस्तुहरूको वारेमा विद्यार्थीहरूमा ज्ञान, सिप, अभिवृत्ति तथा मूल्य र कार्यतत्परताको विकास गरी उनीहरूमा श्रमप्रति सम्मान गर्ने, आधारभूत सीपको विकास भई गाउँपालिकाको समग्र विकासमा सहयोग पुग्ने अपेक्षा लिइएको छ । स्थानीय पाठ्यक्रम निर्माणमा खट्ने कार्यदलका सदस्यहरू, रचनात्मक तथा अमूल्य राय सुझाव प्रदान गर्नुहुने प्राविधिक सल्लाहकार, अन्तरक्रिया कार्यक्रममा सक्रिय सहभागी हुने जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा धन्यवाद दिन चाहन्छौं । अन्त्यमा, स्थानीय पाठ्यक्रम निर्माणको यो पहिलो पर्यासमा सबै विषय क्षेत्रहरू नसमेटिएको हुन सक्छ । पाठ्यक्रम जीवित र गतिशील दस्तावेज भएकोले आवश्यक रुपमा यसलाई तदारुकताका साथ अद्यावधिक तथा परिमार्जन गर्दै लगिनेछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई परिमार्जन र सुधारका लागि रचनात्मक सुझाव तथा पृष्ठपोषण प्रदान गरिदिनहुन सम्बन्धित सबै सरोकारवालाहरूमा अनुरोध गर्दछौं ।

अमरध्वज राना मगर ,अध्यक्ष
सरिता जि.सी.,उपाध्यक्ष

## विषयसूची

१. परिचय १

२. तहगत सक्षमता २

३. कक्षागत सिकाइ उपलब्धि ३

४. विषयवस्तुको क्षेत्र र क्रम ६

५ विषयवस्तुको विस्तृतीकरण र सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप ९

६. सम्भावित परियोजना तथा पर्योगात्मक क्रियाकलापहरू ३६

७. सिकाइ सहजीकरण विधि र प्रक्रिया ४०

८. विद्यार्थी मूल्याङ्कन ४२

९. विषयवस्तुको क्षेत्र/एकाइ र अनुमानित कार्यघण्टा ४४

**अनसूचीहरू**

अनुसूची १ : विशिष्टीकरण तालिका कक्षा ६-८ ४५

## १. परिचय

बालबालिकाहरुको समग्र पक्षको विकास गर्नको लागि विद्यालय भित्र तथा बाहिरबाट विद्यार्थीहरुमा आवश्यक ज्ञान, सिप, अभिवृत्ति, मूल्यको विकास गर्नको लागि तयार गरिएको शैक्षिक योजना नै पाठ्यक्रम हो । नेपालमा पाठ्यक्रम विकास केन्द्रले विद्यालय तहको पाठ्यक्रम विकास गर्दा अन्तर्राष्ट्रिय परिवेश, राष्ट्रिय आवश्यकता र स्थानीय विषयवस्तु तथा आवश्यकतालाई समेटी पाठ्यक्रम विकास गर्दछ । नेपाल एक बहु जातीय, बहु भाषिक, बहु धार्मिक, बहु सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मुलुक भएकोले सबै स्थानका आवश्यकता र विषयवस्तुलाई राष्ट्रिय पाठ्यक्रमले समेट्न सक्दैन । तसर्थ स्थानमा आधारित स्थानीय पाठ्यक्रम विकास गर्दा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय पेशा, व्यवसाय, प्रविधि, सम्पदा, कला संस्कृति, वातावरण संरक्षण र विकास, स्थानीय स्तरमा आइपर्ने गाउँ व्यवस्थापन जस्ता पक्षलाई सम्बोधन गरी स्थानीय ज्ञान, सिप, सिर्जनाहरूको पहिचान, विकास, संरक्षण, व्यवस्थापन, संवर्धन र प्रवर्धन गर्न आधारभूत तहको एउटा विषयको रुपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तह तथा विद्यालयलाई दिइएको छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । यी विविध पक्षहरुको आधारमा स्थानीय स्तरमा पाठ्यक्रम विकास गर्दा स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता र स्थानीय विज्ञहरुको सहभागितामा पाठ्यक्रम विकास गर्नको लागि पाठ्यक्रम विकास गर्ने चरणहरु अवलम्बन गरी मल्लरानी गाउँपालिकाको सहयोग र समन्वयमा पाठ्यक्रम निर्माण समिति र पाठ्यक्रम विज्ञको सहयोगमा यो पाठ्यक्रम विकास गरिएको हो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मागदर्शन, २०७६ ले निर्दिष्ट गरेका प्रावधानहरुको आधारमा स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गर्ने गरी यो पाठ्यक्रम विकास गरिएको छ ।  यो पाठ्यक्रम निर्माणको मुख्य उद्देश्य स्थानीय विषयवस्तु, स्थानीय आवश्यकताहरू पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने र विद्यार्थीहरूमा स्थानीय ज्ञान, सिप, अभिवृत्तिको विकास गर्ने, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेशा, व्यवसाय, प्रविधि, मूल्य मान्यता, वातावरण संरक्षण तथा प्रवर्धन गर्ने रहेको छ । यस पाठ्यक्रममा विशेषतः मल्लरानीको परिचय, हाम्रो वातावरण, मल्लरानीका सम्पदाहरु, हाम्रा पेसा, व्यवसाय र प्रविधि, व्यक्ति तथा संस्थाको परिचय तथा योगदान, गाउँ व्यवस्थापन तथा सुरक्षित विद्यालय जस्ता मुख्य विषय क्षेत्रहरु समावेश गरिएको छ । स्थानीय ज्ञान, सिप, सिर्जना तथा मूल्य मान्यताको विकास गर्नकोलागि अनुभव आदानप्रदान, परियोजना तथा पयोगात्मक क्रियाकलाप र सिकाइ अनुभवहरूको प्रतिविम्बन जस्ता विधि र प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने पक्षलाई जोड दिएको छ । विद्यार्थीहरूलाई

उनीहरूले विभिन्न माध्यमबाट आर्जन र विकास गरेका ज्ञान, सिप र अभिवृत्तिलाई घर, विद्यालय तथा समुदायमा पयोग गर्ने खालका क्रियाकलापहरूलाई जोड दिई निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका साधनहरूको माध्यमबाट उनीहरूले सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गरी सिकाइ सुनिश्चित गरिने कुरालाई जोड दिइएको छ । राष्ट्रिय पाठ्यक्रमले निर्दिष्ट गरेका मूल्याङ्कनका प्रावधानहरु अन्तर्गत कक्षा ६ देखि ८ सम्म आन्तरिक मूल्याङ्कनको लागि ५० प्रतिशत भार र बाह्य मूल्याङ्कनको लागि ५० प्रतिशत भार कायम गरी विद्यार्थीहरुले हासिल गरेका समग्र उपलब्धिलाई निर्णयात्मक मूल्याङ्कनको रुपमा अभिलेख गरी अक्षराङ्कन पद्धति अनुसार विद्यार्थीले हासिल गरेको नतिजा प्रदान गरिने कुरालाई यस पाठ्यक्रमले समेटेको छ ।

## २. तहगत सक्षमता (कक्षा ६-८)

कक्षा ८ को अन्तमा बालबालिकाहरु निम्न कार्य गर्न सक्षम हुनेछन् ।

१. स्थानीय संरचना तथा पालिकाभित्रका भौगोलिक स्वरुपहरुको आधारभूत जानकारी र नक्सांकन र स्थानीय डिजिटल सूचनाको जानकारी

२. वरपरको वातावरणमा रहेका वस्तुहरुको पहिचान, वातावरण सरसफाइ र संरक्षणप्रति तत्परता

३. मल्लरानी गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय सम्पदाको पहिचान, महत्वबोध र संरक्षण

४. स्थानीय पेसा, व्यवसाय र प्रविधिहरुको पहिचान, महत्वबोध र पयोग

५. शिक्षा, स्वास्थ्य, सामाजिक क्षेत्रको विकासमा विशिष्ट योगदान पुर्‍याएका स्थानीय व्यक्तिहरु र संस्थाहरुको पहिचान र योगदानको सम्मान

६. स्थानीय स्तरमा सम्भावित मानव सिर्जित तथा प्राकृतिक विपद्हरुको पहिचान, सचेतता र सावधानी

३.कक्षागत सिकाइ उपलब्धी (कक्षा ६-८)

| क्र. स. | क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | मल्लरानीको परिचय | • मल्लरानी गाउँपालिकाको प्राकृतिक स्वरुप र हावापानी बताउन<br>• मल्लरानी गाउँपालिकाको संरचना, नक्शा र महत्वपूर्ण स्थानहरूको चिन्ह अङ्कन गर्न<br>• नेपालको नक्सामा प्युठान जिल्ला तथा प्युठान जिल्लाको नक्सामा मल्लरानीको अवस्थिति पत्ता लगाउँन<br>• आफु बसेको जिल्ला गुगल म्यापमा देखाउन<br>• आफ्नो गाउँपालिका तथा वडा र विद्यालयको वेवसाइट खोल्न<br>• मल्लरानी गाउँपालिकाको जनसंख्या बताउन र सामाजिक जनजीवनको सामान्य अवस्था बताउन<br>• वडाले प्रदान गर्ने सेवाहरु बताउन<br>• मल्लरानी गाउँपालिका अन्तर्गत भएका विकास निर्माणका मुख्य कार्यहरु बताउन<br>• मल्लरानी गाउँपालिकाका विषयगत शाखाका नाम बताउन | • गाउँपालिकाको प्राकृतिक स्रोतको महत्व तथा उपयोगिता बताउन<br>• आफ्नो गाउँपालिका गुगल म्यापमा देखाउन<br>• वेवसाइट हेरेर गाउँपालिका, विद्यालय तथा वडाले राखेका सूचनाहरुको जानकारी लिन<br>• गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु पहिचान गर्न<br>• मल्लरानी गाँउपालिकाको जनसाङ्ख्यिकि वर्णन गर्न<br>• मल्लरानी गाउँपालिकामा बसोवास गर्ने उमेरगत जनसङ्ख्याको विश्लेषण गर्न<br>• मल्लरानी गाँउपालिका भित्र रहेका सार्वजनिक स्थलको संरक्षणमा सहभागी हुन<br>• सामाजिक, सांस्कृतिक, शैक्षिक र पूर्वाधार विकासमा गाउँपालिकाको भूमिका बताउन<br>• मल्लरानी गाउँपालिकाको विषयगत शाखाका मुख्य मुख्य कामहरु बताउन | • गाउँपालिकाको प्राकृतिक स्रोतको संरक्षणका उपायहरुको खोजी गर्न<br>• आफु बसोबास गरेको गाउँपालिकाका महत्वपूर्ण धार्मिक तथा पर्यटकिय स्थलहरु गुगल म्यापमा देखाउन<br>• गाउँपालिकाका वडा तथा विद्यालयहरुमा राखिएका महत्वपूर्ण सूचना र तथ्यांकहरुका बारेमा बताउन ।<br>• वडा तथा गाउँपालिकाको न्यायिक संरचना र काम, कर्तव्य र अधिकार बताउन<br>• गाउँपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउने उपायहरू खोजी गर्न<br>• गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षले गर्ने कार्यहरु तथा गाउँपालिकाको समग्र विकासमा खेल्ने भूमिकाहरु बताउन<br>• गाउँपालिकाले जारी गरेको मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी दिन |
| २ | हाम्रो वातावरण | • मल्लरानी गाउँपालिका अन्तर्गत पर्ने सामुदायिक वनहरु र उक्त वनमा पाइने वस्तुहरुको पहिचान गर्न<br>• वनमा आधारित आर्थिक क्रियाकलापहरु पहिचान गर्न<br>• गाउँपालिका क्षेत्रमा वृक्षारोपण कार्यमा सहयोग गर्न<br>• हरियाली प्रवर्धनको परिचय दिन<br>• हरियाली प्रवर्धनको महत्व, तरिका बताउन र उक्त कार्यमा सहभागी हुन<br>• हरित घर तथा विद्यालयको परिचय दिन | • मल्लरानी गाउँपालिकामा पर्ने सामुदायिक वनहरुको परिचय दिन र महत्व बताउन<br>• वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रणक उपायहरु बताउन र यस सम्बन्धी कानूनी प्रावधा बताउन<br>• हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्व बताउन<br>• घर र विद्यालयमा करेसाबारी र पुष्प बगैंचाको निर्माण, उत्पादन र बजारीकरण गर्ने कार्यमा सहयोग गर्न | • मल्लरानी गाउँपालिकामा भएका सामुदायिक वन र राष्ट्रिय वनहरुमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका वर्णन गर्न<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण गर्न<br>• जडीबुटी खेती कार्यमा सहभागी हुन र यसबाट उत्पादित जडीबुटीको बजारीकरण र आर्थिक फाईदा पहिचान गर्न<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | • विद्यालयमा करेसावारीको निर्माण गर्न र स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरुको खेती कार्यमा सहभागी हुन<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरु बताउन<br>• मल्लरानी गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरु खोजी गर्न र अवलम्बन गर्न<br>• गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु पहिचान गरी लक्ष्य पूरा गर्ने उपायहरु खोजी गर्न<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु पहिचान गर्न | • स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरु र स्थानीय फूलहरुको खेती गर्न<br>• घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत गड्यौले मल बनाउने प्रक्रियाको अभ्यास गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्ध वर्णन गर्न<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीय स्तरबाट गर्न सकिने पर्यासहरु पहिचान गर्न | आधारभूत पक्षहरु वर्णन गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्ध व्याख्या गर्न<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु पहिचान गर्न र आकासे पानी संकलनमा सहयोग गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास गर्न<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र गाउँपालिकाको भूमिका वर्णन गर्न<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरु बताउन |
| ३ | मल्लरानीका सम्पदाहरु | • जिल्ला तथा प्रदेशस्तरका प्रचलित गीतहरुको खोजी गरी गाउने अभ्यास गर्न<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउतेकोट, चौरपानी, सिद्धाथान मल्लरानी, झँकिस्थान, पालुकाथान, गुठकसेरी दरवार) को परिचय दिन<br>• सराय नाच तथा कुलपूजाको परिचय दिन र महत्व बताउन<br>• जात्राहरु (डोकेजात्रा, गाईजात्रा, रोपाईजात्रा आदी) को परिचय दिन र अभिनय गर्न | • स्थानीय लोकगीत र बाजाहरूको महत्व बताउन र बजाउने तथा नृत्य गर्ने अभ्यास गर्न<br>• आफ्नो समुदायमा गाउने गरेका गीतमा वाजा बजाई नाच्न<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउतेकोट, चौरपानी, सिद्धाथान मल्लरानी, झँकिस्थान, पालुकाथान, गुठकसेरी दरवार) को महत्व बताउन<br>• सरायनाच तथा कुलपूजाको महत्व, र प्रवर्धन गर्ने तरिका बताउन र उक्त कार्यमा सहभागी हुन<br>• जात्राहरु (डोकेजात्रा, गाईजात्रा, रोपाईजात्रा आदी) निकाल्नुको औचित्य बताउन | • स्थानीय लोकगीतको रचना गर्न र हाउभाउ सुरताल सहित नृत्य अभ्यास गर्न<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउतेकोट, चौरपानी, सिद्धाथान, मल्लरानी झँकिस्थान, पालुकाथान, गुठकसेरी दरवार) को संरक्षण र प्रवर्धनका उपायहरु खोजी गर्न र उक्त कार्यमा सहभागी हुन<br>• सरायनाच तथा कुलपूजाको ऐतिहासिक पृष्ठभूमि बताउन<br>• जात्राहरु (डोकेजात्रा, गाईजात्रा, रोपाइजात्रा आदी) को ऐतिहासिक पृष्ठभूमि बताउन र यी जात्राहरुको प्रवर्धनका उपायहरुको खोजी गर्न |

| | | | | |
|---|---|---|---|---|
| ४ | हाम्रा पेसा , व्यवसाय र प्रविधि | • घरमा उत्पादित अन्नहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग गर्न (मकै, गहुँ)<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग गर्न (आलु, गोलभेडा)<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको व्यवसायिक पालनको महत्व, व्यवसाय संचालनमा सहयोग गर्न (मौरी पालन)<br>• स्थानीयस्तरका साना उद्योगहरुको परिचय दिन र उत्पादनमा सहयोग गर्न (सिलाइ कटाइ , ब्युटी पार्लर आदि)<br>• स्थानीय परम्परागत प्रविधिको परिचय दिन र पयोग गर्न (ढीकी, जाँतोआदि) | • घरमा उत्पादित अन्नहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग गर्न (धान, जौं)<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग गर्न (काउली, बन्दागोभी आदि )<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको पालनमा व्यवसायिक पालनको महत्व, व्यवसाय संचालनमा सहयोग गर्न ( बाखा पालन, बंगुर पालन)<br>• स्थानीय स्तरका साना उद्योगहरुको परिचय दिन र उत्पादनमा सहयोग गर्न (बाँसका सामग्रीहरु, ढाकाटोपी, आदि)<br>• स्थानीय परम्परागत प्रविधिको परिचय दिन र पयोग गर्न (पानीघट्ट, पानी मिल, कोल, आदि) | • घरमा उत्पादित अन्नहरुको उत्पादन तथा विक्रीबितरणमा सहयोग गर्न (कोदो, फापर)<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग गर्न, (सिमी, मास, भटमास, अडहर आदि)<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको पालनमा व्यवसायिक पालनको महत्व, व्यवसाय संचालनमा सहयोग गर्न ( गाईपालन, भैसीपालन)<br>• स्थानीयस्तरका साना उद्योगहरुको परिचय दिन र उत्पादनमा सहयोग गर्न (ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी, चुलेसी आदि)<br>• स्थानीय परम्परागत प्रविधिको परिचय दिन र पयोग गर्न (आरन, काठको हलो, जुवा नारा आदि) |
| ५ | व्यक्ति तथा संस्थाको परिचय र योगदान | • गाउँपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने व्यक्तिहरुको परिचय र योगदान बताउन ( मुख्यनाथ तिवारी, जंगवीर राना, जयगोपाल श्रेष्ठ.)<br>• गाउँपालिकामा महिलाहरुको शैक्षिक, आर्थिकं तथा राजनैतिक विकासमा सहयोग गर्ने संस्थाहरुको परिचय दिन (महिला सहयोग मञ्च,<br>• सामाजिक क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको वर्तमान अवस्था पहिचान दिन (मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र) | • गाउँपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने संस्थाको भूमिका र जनसहभागिताको विश्लेषण गर्न ( प्युठान क्याम्पस, महेन्द्र मा.वि.खलंगा, भानुभक्त प्राविधिक मा.वि.बर्बोट)<br>• गाउँपालिकाको सामाजिक क्षेत्रको विकासमा कार्य गर्ने संस्थाको भूमिका पहिचान गर्न(अपाङ्ग सेवासंघ महिला सहयोगमञ्च)<br>• गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा कार्य गर्ने व्यक्तिको परिचय र योगदान बनाउन | • गाउँपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने संस्थाले गरेका मूख्य कार्यहरु बताउन -प्युठान क्याम्पस, महेन्द्र मा.वि.खलंगा, भानुभक्त प्राविधिक मा.वि.बर्बोट)<br>• गाउँपालिकाको सामाजिक क्षेत्रको विकासमा कार्य गर्ने संस्थाका कार्यहरु बताउन (वन महासघं र एफ.एम.रेडियोहरु)<br>• गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याउने संस्थाको परिचय र सेवाहरुको जानकारी दिन ( प्राथमिक स्वास्थ्य केन्द्र खलंगा) |
| ६ | विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय | • प्राकृतिक विपद्बाट बच्न विद्यार्थी, परिवार, विद्यालय र समुदायको सचेतना भूमिका अवलम्बन गर्न (बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ्)<br>• मानवीय विपद्को प्रकार र कारणहरु बताउन<br>• सडक सुरक्षित विद्यालयको परिचय र आवश्यकता बताउन<br>• सुरक्षित विद्यालयको परिचय दिन | • प्राकृतिक विपद्बाट बच्न स्थानीय स्तरमा गरेका पर्यासहरु पहिचान गर्न<br>• मानवीय विपद्बाट बच्न स्थानीय तहले गरेका पर्यासहरु पहिचान गर्न<br>• सुरक्षित विद्यालय हुन चाहिने न्यूनतम शर्तहरु पहिचान गर्न<br>• सुरक्षित विद्यालयको व्यवस्थापनका उपायहरु पहिल्याउन | • प्राकृतिक विपद्बाट बच्न स्थानीय तहले खेल्नुपर्ने भूमिका पहिचान गर्न<br>• मानवीय विपद् न्यूनिकरणमा स्थानीय तहको भूमिका पहिचान गर्न (सडक दुर्घटना लगायत)<br>• सुरक्षित विद्यालय बनाउन सरोकारवालाको भूमिका पहिचान गर्न<br>• सुरक्षित विद्यालयको निर्माणमा सहभागी हुन |

### ४. विषयवस्तुको क्षेत्र र क्रम कक्षा ६-८

| क्र. स. | क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | मल्लरानीको परिचय | • मल्लरानी गाउँपालिकाको प्राकृतिक स्वरुप र हावापानी<br>• गाउँपालिकाको संरचना, नक्शा र महत्वपूर्ण स्थानहरूको चिन्ह अङ्कन<br>• नेपालको नक्सामा प्युठान जिल्ला तथा प्युठान जिल्लाको नक्सामा मल्लरानीको अवस्थिति<br>• आफु बसेको जिल्ला गुगल म्यापमा देखाउने अभ्यास<br>• आफ्नो गाउँपालिका तथा वडा र विद्यालयको वेवसाइट खोल्ने अभ्यास<br>• मल्लरानी गाउँपालिकाको जनसंख्या र सामाजिक जनजीवनको सामान्य अवस्था<br>• वडाले प्रदान गर्ने सेवाहरु<br>• मल्लरानी गाउँपालिका अन्तर्गत भएका विकास निर्माणका कार्यहरु<br>• मल्लरानी गाउँपालिकाका विषयगत शाखाका नाम | • गाउँपालिकाको प्राकृतिक स्रोतको महत्व तथा उपयोगिता<br>• आफ्नो गाउँपालिका गुगल म्यापमा देखाउने अभ्यास<br>• वेवसाइट हेरेर गाउँपालिका, विद्यालय तथा वडाले राखेका सूचनाहरुको जानकारी<br>• गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु<br>• मल्लरानी गाँउपालिकाको जनसाङ्ख्यिकि<br>• मल्लरानी गाउँपालिकामा बसोवास गर्ने उमेरगत जनसङ्ख्याको विश्लेषण<br>• मल्लरानी गाँउपालिका भित्र रहेका सार्वजनिक स्थलको संरक्षण<br>• सामाजिक, सांस्कृतिक, शैक्षिक र पूर्वाधार विकासमा गाउँपालिकाको भूमिका<br>• मल्लरानी गाउँपालिकाको विषयगत शाखाका मुख्य मुख्य कामहरु | • गाउँपालिकाको प्राकृतिक स्रोतको संरक्षणका उपायहरु<br>• आफु बसोबास गरेको गाउँपालिकाका महत्वपूर्ण धार्मिक तथा पर्यटकिय स्थलहरु गुगल म्यापमा देखाउने अभ्यास<br>• गाउँपालिकाका वडा तथा विद्यालयहरुमा राखिएका महत्वपूर्ण सूचना र तथ्यांकहरुको जानकारी<br>• वडा तथा गाउँपालिकाको न्यायिक संरचना र काम, कर्तव्य र अधिकार<br>• गाउँपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउने उपायहरू<br>• गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षले गर्ने कार्यहरु तथा गाउँपालिकाको समग्र विकासमा खेल्ने भूमिका<br>• गाउँपालिकाले जारी गरेको मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी | २० |
| २ | हाम्रो वातावरण | • मल्लरानी गाउँपालिका अन्तर्गत पर्ने सामुदायिक वनहरु र उक्त वनमा पाइने वस्तुहरुको पहिचान<br>• वनमा आधारित आर्थिक क्रियाकलापहरु<br>• गाउँपालिका क्षेत्रमा वृक्षारोपण कार्यमा सहयोग<br>• हरियाली प्रवर्धनको परिचय<br>• हरियाली प्रवर्धनको महत्व, तरिका र उक्त कार्यमा सहभागी<br>• हरित घर तथा विद्यालयको परिचय<br>• विद्यालयमा करेसावारीको निर्माण र स्थानीय | • मल्लरानी गाउँपालिकामा पर्ने सामुदायिक वनहरुको परिचय र महत्व<br>• वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रणक उपायहरु र यस सम्बन्धी कानूनी प्रावधान<br>• हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्व<br>• घर र विद्यालयमा करेसाबारी र पुष्प बगैंचाको निर्माण, उत्पादन र बजारीकरण गर्ने कार्यमा सहयोग | • मल्लरानी गाउँपालिकामा भएका सामुदायिक वन र राष्ट्रिय वनहरुमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका<br>• खालीजग्गा, वनक्षेत्र, घर र विद्यालयमा वृक्षारोपण<br>• जडीबुटी खेती कार्यमा सहभागी हुन र यसबाट उत्पादित जडीबुटीको बजारीकरण र आर्थिक फाईदा | २८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरुको खेती कार्यमा सहभागी<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरु<br>• मल्लरानी गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरु खोजी र अवलम्बन<br>• गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु पहिचान गरी लक्ष्य पूरा गर्ने उपायहरु<br>गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु | • स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरु र स्थानीय फूलहरुको खेती गर्न<br>• घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन गर्ने कार्यमा सहयोग<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत गड्यौले मल बनाउने प्रक्रियाको अभ्यास<br>• दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्ध<br>दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीय स्तरबाट गर्न सकिने पर्यासहरु | • हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु<br>• दिगोविकास र हरित विद्यालयको अन्तर सम्बन्ध<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु पहिचान गर्न र आकासे पानी संकलनमा सहयोग<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र गाउँपालिकाको भूमिका<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिकालागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरु | |
| ३ | मल्लरानीका सम्पदाहरु | • जिल्ला तथा प्रदेशस्तरका प्रचलित गीतहरुको खोजी गरी गाउने अभ्यास<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउतेकोट, चौरपानी, सिद्धाथान मल्लरानी, झँक्रिस्थान, पालुकाथान, गुठकसेरी दरवार) को परिचय<br>• सरायनाच तथा कुलपूजाको परिचय र महत्व<br>• जात्राहरु (डोकेजात्रा, गाईजात्रा, रोपाईजात्राआदी) को परिचय र अभिनय | • स्थानीय लोकगीत र बाजाहरूको महत्व र बजाउने तथा नृत्य गर्ने अभ्यास<br>• आफ्नो समुदायमा गाउने गरेका गीतमा वाजा बजाउने अभ्यास<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउतेकोट, चौरपानी, सिद्धाथान मल्लरानी, झँक्रिस्थान, पालुकाथान, गुठकसेरी दरवार) को महत्व<br>• सराय नाच तथा कुलपूजाको महत्व, र प्रवर्धन गर्ने तरिका र उक्त कार्यमा सहभागी<br>• जात्राहरु (डोकेजात्रा, गाईजात्रा, रोपाईजात्रा आदी) निकाल्नुको औचित्य | • स्थानीय लोकगीतको रचना र हाउभाउ सहित तालमा नृत्य अभ्यास<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउतेकोट, चौरपानी, सिद्धाथान मल्लरानी झँक्रिस्थान, पालुकाथान, गुठकसेरी दरवार) को संरक्षण र प्रवर्धनका उपायहरु र उक्त कार्यमा सहभागी<br>• सरायनाँच तथा कुलपूजाको ऐतिहासिक पृष्ठभूमि<br>• जात्राहरु (डोकेजात्रा, गाईजात्रा, रोपाईजात्रा आदी) ऐतिहासिक पृष्ठभूमि र यी जात्राहरुको प्रवर्धनका उपायहरु | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | हाम्रा पेसा , व्यवसाय र प्रविधि | • घरमा उत्पादित अन्नहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग (मकै, गहुँ)<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग (आलु, गोलभेडा)<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको व्यवसायिक पालनको महत्व, व्यवसाय संचालनमा सहयोग (मौरी पालन)<br>• स्थानीय स्तरका साना उद्योगहरुको परिचय दिन र उत्पादनमा सहयोग (सिलाइ कटाइ , ब्युटी पार्लर आदि)<br>• स्थानीय परम्परागत प्रविधिको परिचय र पयोग (ढींकी, जाँतोआदि) | • घरमा उत्पादित अन्नहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग (धान, जौं)<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग (काउली, बन्दागोभी आदि )<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको व्यवसायिक पालनको महत्व, व्यवसाय संचालनमा सहयोग ( बाखापालन, बंगुरपालन)<br>• स्थानीयस्तरका साना उद्योगहरुको परिचय दिन र उत्पादनमा सहयोग (बाँसका सामग्रीहरु, ढाकाटोपी, आदि)<br>• स्थानीय परम्परागत प्रविधिको परिचय र पयोग (पानीघट्ट, पानीमिल, कोल, आदि) | • घरमा उत्पादित अन्नहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग (कोदो, फापर)<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग (सिमी, मास, भटमास, अडहर आदि)<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको पालनमा व्यवसायिक पालनको महत्व, व्यवसाय संचालनमा सहयोग ( गाईपालन, भैसीपालन)<br>• स्थानीय स्तरका साना उद्योगहरुको परिचय र उत्पादनमा सहयोग (ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी, चुलेसी आदि)<br>• स्थानीय परम्परागत प्रविधिको परिचय र पयोग (आरन, काठको हलो, जुवा नारा आदि) | ३५ |
| ५ | व्यक्ति तथा संस्थाको परिचय र योगदान | • गाउँपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने व्यक्तिहरुको परिचय र योगदान (मुख्यनाथ तिवारी, जंगवीर राना, जयगोपाल श्रेष्ठ.)<br>• गाउँपालिकामा महिलाहरुको शैक्षिक, आर्थिकं तथा राजनैतिक विकासमा सहयोग गर्ने संस्थाहरुको परिचय (महिला सहयोग मञ्च,<br>• सामाजिक क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको वर्तमान अवस्था पहिचान (मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र) | • गाउँपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने संस्थाको भूमिका र जनसहभागिताको विश्लेषण (प्युठान क्याम्पस, महेन्द्र मा.वि.खलंगा, भानुभक्त प्राविधिक मा.वि.बर्बोट)<br>• गाउँपालिकाको सामाजिक क्षेत्रको विकासमा कार्य गर्ने संस्थाको भूमिका पहिचान (अपाङ्ग सेवा संघ महिला सहयोग मञ्च)<br>• गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा कार्य गर्ने ब्यक्तिको परिचय र योगदान | • गाउँपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने संस्थाले गरेका मूख्य कार्यहरु (प्युठान क्याम्पस, महेन्द्र मा.वि.खलंगा, भानुभक्त प्राविधिक मा.वि.बर्बोट)<br>• गाउँपालिकाको सामाजिक क्षेत्रको विकासमा कार्य गर्ने संस्थाका कार्यहरु (वन महासघं र एफ.एम.रेडियोहरु)<br>• गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा योगदान पुर्याउने संस्थाको परिचय र सेवाहरुको जानकारी (प्राथमिक स्वास्थ्य केन्द्र खलंगा) | १५ |
| ६ | विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय | • प्राकृतिक विपद्बाट बच्न विद्यार्थी, परिवार, विद्यालय र समुदायको सचेतना भूमिका ( बाढी, पहिरो, भुकम्प हुरी वतास र चटयाङ)<br>• मानवीय प्रकोपको प्रकार र कारणहरु<br>• सडक सुरक्षित विद्यालयको परिचय र आवश्यकता<br>• सुरक्षित विद्यालयको परिचय | • प्राकृतिक विपद्बाट बच्न स्थानीयतहले गरेका पर्यासहरु पहिचान<br>• मानवीय प्रकोपबाट बच्न स्थानीय तहले गरेका पर्यासहरु पहिचान<br>• सुरक्षित विद्यालय हुन चाहिने न्यूनतम शर्तहरु पहिचान<br>• सुरक्षित विद्यालयको व्यवस्थापनका उपायहरु | • प्राकृतिक विपद्बाट बच्न स्थानीयतहले खेल्नुपर्ने भूमिका पहिचान<br>• मानवीय विपद्बाट न्यूनिकरणमा स्थानीयतहको भूमिका पहिचान (सडक दुर्घटना लगायत)<br>• सुरक्षित विद्यालय बनाउन सरोकारवालाको भूमिका पहिचान<br>• सुरक्षित विद्यालयको निर्माणमा सहभागी | १० |
| जम्मा | | | | | १२८ |

## ५. विषयवस्तुको विस्तृतीकरण

**कक्षा ६**

| क्र. स. | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **मल्लरानीको परिचय** | • मल्लरानी गाउँपालिकाको प्राकृतिक स्वरुप र हावापानी बताउन<br>• मल्लरानी गाउँपालिकाको संरचना, नक्शा र महत्वपूर्ण स्थानहरूको चिन्ह अङ्कन गर्न<br>• नेपालको नक्सामा प्युठान जिल्ला तथा प्युठान जिल्लाको नक्सामा मल्लरानीको अवस्थिति पत्ता लगाउँन | • मल्लरानी गाउँपालिकाको प्राकृतिक स्वरुप र हावापानी<br>• गाउँपालिकाको संरचना, नक्शा र महत्वपूर्ण स्थानहरूको चिन्ह अङ्कन<br>• नेपालको नक्सामा प्युठान जिल्ला तथा प्युठान जिल्लाको नक्सामा मल्लरानीको अवस्थिति | सूचना तथा सञ्चार सिप<br>सिकाइ सिप<br>वैयक्तिक जिम्मेवारी सिप | • पोष्टर चित्र वा नक्साको माध्यमवाट मल्लरानी गाउँपालिकाको प्राकृतिक स्वरुप हावापानीको बिषयमा छलफल गराउने<br>• मल्लरानी गाउँपालिको प्राकृतिक स्वरुपको विशेषता बताउने<br>• मल्लरानी गाउँपालिकाको स्वरुप, संरचना (पहाड, खोचं, जमिनको बनोट आदि) सम्बन्धमा चित्र, भिडियो वा भ्रमण गराइ जानकारी गराउने<br>• नक्सा कोर्ने विभिन्न विधिहरुको बारेमा जानकारी गराउँदै मल्लरानीको नक्सा कोर्न लगाउने र महत्वपूर्ण स्थानहरुलाई अंकन गर्न लगाउने<br>• गाउँपालिकाको नक्सा कोरी आफु बस्ने स्थान देखाउन सहयोग गर्ने<br>• विभिन्न संकेतको पयोग गरि धार्मिक ऐतिहासिक महत्व बोकेका स्थानहरु देखाउने<br>• नेपालको नक्सामा प्युठान जिल्ला तथा प्युठानको जिल्लामा मल्लरानीको अवस्थिति पहिचान गर्न लगाउने<br>• मल्लरानी गाउँपालिकाको नक्सा कोर्ने परियोजना कार्य दिने | • मल्लरानी गाउँपालिकाको प्राकृतिक स्वरुप र हावापानी बताउन लगाएर<br>• गाउँपालिकाको नक्सामा आफ्नो वडा तथा विद्यालय देखाउन लगाएर<br>• नक्सा कोरेको अवलोकन गरेर<br>• नेपालको नक्सामा प्युठान र प्युठानको नक्सामा मल्लरानी पहिचान गर्न लगाएर<br>• परियोजना कार्यको मूल्यांकन गरेर | ७ |
| | | • आफु बसेको जिल्ला गुगल स्यापमा देखाउन<br>• आफ्नो गाउँपालिका तथा वडा र विद्यालयको वेवसाइट खोल्न<br>• मल्लरानी गाउँपालिकाको जनसंख्या बताउन र सामाजिक जनजीवनको सामान्य अवस्था बताउन | • आफु बसेको जिल्ला गुगल स्यापमा देखाउने अभ्यास<br>• आफ्नो गाउँपालिका तथा वडा र विद्यालयको वेवसाइट खोल्ने अभ्यास<br>• मल्लरानी गाउँपालिकाको जनसंख्या र सामाजिक जनजीवनको सामान्य अवस्था | पयोग सिप<br>संचार सिप<br>सिकाइ सिप<br>दृश्य साक्षरता सिप | • आफु बसेको स्थानलाई गुगल स्यापमा देखाउने र बिद्यार्थीलाइ पनि अभ्यास गर्ने अवसर दिने<br>• मोवाइल कम्प्युटरको माध्यमबाट गुगल स्यापमा मल्लरानी गाउँपालिकामा अवस्थित महत्वपूर्ण स्थानहरु देखाउने<br>• गाउँपालिका, वडा तथा विद्यालयको वेवसाइट खोल्ने तरिका प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई वेवसाइट खोल्ने अभ्यास गराउने<br>• उक्त वेवसाइटमा राखिएका विभिन्न डकुमेन्ट तथा जानकारीहरुको बारेमा विद्यार्थीहरुलाई जानकारी दिने<br>• वेवसाइटबाट आवश्यक डकुमेन्ट डाउनलोड गर्ने तरिका सिकाउने र अभ्यास गराउने | • आफु बसेको जिल्ला तथा गाउँपालिका गुगल स्यापमा देखाउन लगाएर<br>• वेवसाइट खोल्न सके नसकेको अवलोकन गरेर<br>• मल्लरानी गाउँपालिकामा महिला र पुरुषको जनसंख्या बताउन लगाएर<br>• मल्लरानी | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • मल्लरानी गाउँपालिकाको जनसंख्याको चार्ट देखाउने<br>• मल्लरानी गाउँपालिकाको सामाजिक जनजीवनको अवस्था बारेमा छलफल गराउने<br>• मल्लरानी गाउँपालिकाको धेरैजसो मानिसहरुले गर्ने पेशाको बारेमा छलफल गराउने ।<br>• यहाको मुख्य मुख्य पेशाको बारेमा बताइदिने | गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको जनजीवनको अवस्था बताउन लगाएर | |
| | | • वडाले प्रदान गर्ने सेवाहरु बताउन<br>• मल्लरानी गाउँपालिका अन्तर्गत भएका विकास निर्माणका कार्यहरु बताउन<br>• मल्लरानी गाउँपालिकाका विषयगत शाखाका नाम बताउन | • मल्लरानी गाउँपालिकाको परिचय<br>• सेवा प्रवाहका प्रकार<br>• मल्लरानीको बिषयगत शाखा (शिक्षा युवा तथा खेलकुद, कृषी तथा पशु, स्वास्थ्य,प्रशासन शाखा, राजस्व शाखा,महिला तथा बालबालिका शाखा,योजना शाखा,प्राविधिक शाखा,लेखा शाखा आर्थिक प्रशासन शाखा,जिन्सि शाखा) को सामान्य परिचय र कामहरु | सिकाइ सिप<br>आधारभूत साक्षरता सिप<br>संचार सिप | • मल्लरानी गाउँपालिका तथा वडाहरुको सार्वजनिक सेवा प्रवाहको बारेमा छलफल गराउने<br>• वडाको सार्वजनिक सेवा प्रवाह चार्ट बनाएर देखाउने<br>• वडाले प्रवाह गर्ने सेवाहरुको सम्बन्धमा वडा अध्यक्ष वा वडाको प्रतिनिधिलाई आमन्त्रण गरेर वा सम्बन्धित वडामा भ्रमण गराई वडाबाट प्रवाह हुने सेवाहरुको बारेमा जानकारी दिन लगाउने र विद्यार्थीलाई टिपोट गर्न लगाउने<br>• मल्लरानी गाउँपालिकाका विकास निर्माणका कार्यहरुका बारेमा छलफल गराउने<br>• मल्लरानी गाउँपालिका तथा वडाहरुबाट सञ्चालन भएका तथा सम्पन्न भएका भौतिक संरचनाहरुको स्थलगत अध्ययन तथा अवलोकन गराउने<br>• आफ्नो गाउँपालिका तथा वडा बाट प्रदान गरिने सेवाहरुको बारेमा छलफल गराउने<br>• गाउँपालिकामा रहेका बिषयगत शाखाहरुको चार्टमा देखाउने<br>• विषयगत शाखाले गर्ने कामहरु बताइदिने | • वडाले प्रदान गर्ने सेवाहरु बताउन लगाएर<br>• विकास निर्माणका कामहरु बताउन लगाएर र ती कामहरु गर्ने निकाय बताउन लगाएर<br>• मल्लरानी गाउँपालिका अन्तरगतका शाखाहरुको नाम बताउन लगाएर<br>• मल्लरानी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले गरेका काम बताउन लगाएर<br>• विभिन्न विषयगत शाखा र तिनीहरुको कामबिच जोडा मिलाउन लगाएर | ७ |
| २ | **हाम्रो वातावरण** | • वडामा भएका वनहरु र उक्त वनमा पाइने वस्तुहरुको पहिचान गर्न<br>• घर तथा विद्यालयमा जडीबुटी खेती गर्न र यसको महत्व बताउन<br>• वडा क्षेत्रमा वृक्षारोपणमा सहभागी | **२.१ वन र वृक्षरोपण**<br>• वडामा भएका वनहरु र उक्त वनमा पाइने वस्तुहरुको पहिचान<br>• वनमा आधारित आर्थिक क्रियाकलापहरु (घर तथा विद्यालयमा जडीबुटी खेती र | सञ्चार सिप<br>सिकाइ सिप<br>वातावरणप्रतिको सजगता र सम्मान सिप<br>वैयक्तिक जिम्मेवारी | • वडामा भएका वनहरुको पहिचान गराउने र अवलोकन गराउने<br>• अवलोकन वा उक्त वनसम्बन्धी तयार गरेको भिडियो अवलोकन गराएर उक्त वनहरुमा पाइने वस्तुहरु पहिचान गर्न लगाउने (पानीका स्रोतहरु, खोला, वन्यजन्तु, वनस्पतिहरु, खनिज आदि)<br>• घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटीहरु पहिचान गर्न लगाउने, पहिचान | • वडामा भएका वनहरुको नाम बताउन लगाएर<br>• वडाका विभिन्न वनहरुमा पाइने वस्तुहरुको पहिचान गर्न लगाएर<br>• घर तथा विद्यालयमा | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | हुन | संकलन विभिन्न स्थानीय जातका वनस्पतिहरुको नर्सरी निर्माण र बिक्री वितरण, आदि)<br>• वडा क्षेत्रमा वृक्षारोपण | सिप | गराउने र जडीबुटी खेती गर्ने तरिका बताउने<br>• जडीबुटी खेती गर्नको लागि आवश्यक नर्सरी निर्माण गर्न सकिने कुरा बताउने र नर्सरी तयार गर्ने विधि बताउने<br>• विद्यालयमा जडीबुटी खेती गर्नको लागि नर्सरी निर्माण गर्न विद्यार्थीहरुलाई सहभागी गराउने<br>• विद्यालयमा गरिएको नर्सरीमा भएका औषधीजन्य वनस्पतिहरुको घर तथा विद्यालयमा रोपन गर्न लगाउने<br>• विद्यालयमा गरिएको नर्सरीबाट उत्पादित बेर्नाहरु विक्रीवितरण गर्ने, गर्न लगाउने<br>• वडाक्षेत्रमा वृक्षरोपण गर्न विद्यार्थीहरुलाई लगाउने र सहयोग गर्ने | उत्पादन गर्न सकिने जडीबुटीहरु भन्न लगाएर<br>• जडीबुटी खेतीको लागि विद्यालयमा नर्सरी निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर<br>• नर्सरीमा उत्पादित बेर्ना घर तथा विद्यालयमा रोपन गरे नगरेको अवलोकन गरेर | |
| | | • हरीयाली प्रवर्धनको परिचय, महत्व, तरिका बताउन र हरियाली प्रवर्धनमा सहभागिता हुन<br>• हरित घर तथा विद्यालयको अवधारणा बताउन<br>• विद्यालयमा करेसावारीको निर्माणमा सहभागी हुन | **२.२ हरियाली प्रवर्धन**<br>• हरित घर तथा विद्यालयको अवधारणा/परिचय<br>• विद्यालयमा करेसावारीको निर्माण ( स्थानीय मौसममा आधारित सागसब्जी लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरुको खेती)<br>• हरीयाली प्रवर्धनको परिचय महत्व, तरिका र सहभागिता | सिकाइ सिप<br>स्वव्यवस्थापन सिप<br>वातावरणप्रतिको सजगता र सम्मान सिप<br>वैयक्तिक जिम्मेवारी सिप | • हरित घर, हरित विद्यालय भनेको के होला ? विचार प्रस्तुत गर्न लगाउने<br>• घर वरपरको खाली जग्गा, कौषी, वा अन्य ठाउँमा आवश्यक बिरुवाहरु रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रुपमा हरितघरको परिचय दिने<br>• ऊर्जाको वचत र सही सदुपयोग गर्ने, वातावरणमैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने, सुदृढ सिकाइ वातावरण भएको विद्यालयलाई हरित विद्यालय भनिन्छ भनी हरित विद्यालयको परिचय दिने<br>• विद्यालयमा करेसाबारी निर्माण गर्ने विधि, सामग्रीको जानकारी दिने र निर्माणमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• करेसाबारीमा स्थानीय मौसममा आधारित सागसब्जीको साथै दैनिक खानामा पयोग गर्न सकिने उपयोगी वनस्पतिहरुको खेती गर्नमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• विद्यालयमा जस्तै घरमा समेत करेशावारी निर्माण गरी आवश्यक पर्ने सागसब्जी तथा वनस्पति घरमा नै उत्पादन गर्न सकिने कुरा बताउने र विद्यार्थीहरुलाई घरमासमेत उत्पादन गर्न लगाउने<br>• हरित घर तथा विद्यालयको अवधारणालाई जोडेर हरियाली प्रवर्धनको परिचय दिने<br>• हरियाली प्रवर्धन गर्दा हुने महत्व, हरियाली प्रवर्धन | • हरित घर तथा विद्यालयको परिचय दिन लगाएर<br>• हरितघर तथा विद्यालयअन्तर्गत पर्ने पक्षहरु बताउन लगाएर<br>• विद्यालय तथा घरमा करेसाबारी निर्माण गरे नगरेको, उक्त कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• करेसाबारीमा सागसब्जी तथा अन्य उपयोगी वनस्पति उत्पादन गरे नगरेको<br>• हरियाली प्रवर्धनको परिचय, यसको महत्व र तरिका बताउन लगाएर | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | गर्ने तरिका बताउने र विद्यार्थीहरुलाई सहभागी गराउने | | |
| | | • घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदुषण न्यूनीकरणका उपायहरू पहिचान गर्न र अवलम्बन गर्न<br>• पालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरु पहिचान गरी अभ्यास गर्न | **२.३ पानी र फोहोरमैला व्यवस्थापन**<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने प्रदूषण न्यूनीकरणका उपायहरू (जल, वायु, ध्वनि, जमीन)<br>• गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण प्रक्रिया<br>• पानी सुद्धीकरणका स्थानीय उपायहरु | सिकाइ सिप<br>स्वव्यवस्थापन सिप<br>वातावरणप्रतिको सजगता र सम्मान सिप<br>वैयक्तिक जिम्मेवारी सिप | • स्थानीय क्षेत्रमा हुने प्रदूषणका प्रकार पहिचान गर्न लगाउने (हावा, पानी, जमिन, ध्वनि आदि)<br>• उक्त प्रदूषण हुने कारण र असरमा छलफल गराउने<br>• जल, वायु, ध्वनि, जमिनको प्रदूषणलाई न्यूनीकरण गर्ने उपायहरुमा छलफल गराउने (फोहोरमैलाको उचित विसर्जन, व्यवस्थापन, कानूनी प्रावधान, सचेतना आदि)<br>• पालिका क्षेत्रमा भएका खानेपानीका स्रोतहरुको पहिचान गर्न लगाउने<br>• घर तथा विद्यालयमा आउने खाने पानीको वितरण प्रक्रिया तथा शुद्धीकरण विधिको बारेमा छलफल गराउने<br>• घर तथा विद्यालयमा पर्योग गरिने पिउने पानीको शुद्धीकरण प्रक्रियामा छलफल गराउने ।<br>• यस्ता विधिहरु अन्तर्गत विशेषतः छान्ने विधि, उमाल्ने विधि, सोडिस विधि आदि पर्योग गर्न सकिने कुराको जानकारी दिने र पर्योगात्मक रुपमा प्रदर्शन गर्ने | • जलप्रदूषणको परिचय सोधेर<br>• जलप्रदूषण हुने कारणहरु बताउन लगाएर<br>• जलप्रदूषणबाट देखिएका असरहरु बताउन लगाएर<br>• घर तथा विद्यालयबाट निस्केका फोहोरमैला व्यवस्थापन गरे नगरेको अवलोकन गरेर<br>• घर तथा विद्यालयमा पानीको स्रोतबाट आउने वितरण प्रक्रिया, शुद्धीकरण प्रक्रियाको जानकारी दिन लगाएर | ८ |
| | | • पालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु पहिचान गर्न<br>• पालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु बताउन | **२.४ दिगो विकास**<br>• पालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु<br>• पालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षणका तरिकाहरु | सिकाइ सिप<br>सञ्चार सिप | • दिगो विकास भनेको के होला ? विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरुको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रष्ट पार्ने<br>• दिगो विकासका लक्ष्यहरुको जानकारी गराउने र गाउँपालिक ास्तरबाट दिगो विकासको लक्ष्य पुरा गर्न सकिने लक्ष्यहरु पहिचान गराउने<br>• दिगो विकास र वातावरण संरक्षण बिचको अन्तरसम्बन्धमा छलफल गराउने<br>• वातावरण संरक्षण गर्ने तरिकाहरु श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने | • दिगो विकासको परिचय दिन लगाएर<br>• दिगो विकासका लक्ष्यहरु सोधेर<br>• पालिका स्तरबाट पुरा गर्न सकिने दिगो विकासको लक्ष्यहरु बताउन लगाएर<br>• वातावरण संरक्षण र दिगो विकासको अन्तरसम्बन्ध बताउन लगाएर | ३ |
| ३ | **मल्लरानीका सम्पदाहरु** | • जिल्ला तथा प्रदेशस्तरका प्रचलित | • जिल्ला तथा प्रदेशस्तरमा प्रचलित | सञ्चार सिप<br>सिकाइ सिप | • जिल्ला स्तरका प्रचलित गीतहरुलाई श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी गराउने | • जिल्लास्तर र प्रदेश स्तरमा प्रचलित | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • हरित विद्यालय निर्माणमा विद्यार्थी, इको क्लवको भूमिका पहिचान गर्न र अवलम्बन गर्न<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु पहिचान गर्न<br>• हरित विद्यालयको प्रवर्धन गर्ने उपायहरुको खोजी गरी ती उपायहरु अवलम्बन गर्न | **२.२ हरियाली प्रवर्धन**<br>• हरित विद्यालय निर्माणमा विद्यार्थी इको क्लवको भूमिका<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु र हरित घर निर्माण योजना दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्ध प्रवर्धन | सिकाइ सिप<br>स्वव्यवस्थापन सिप<br>वातावरणप्रतिको सजगता र सम्मान सिप<br>वैयक्तिक जिम्मेवारी सिप | • इको क्लबको परिचय दिने<br>• हरित विद्यालय निर्माणको लागि इको क्लबले गर्न सक्ने क्षेत्रहरुमा छलफल गराउने<br>• इको क्लबको गठन विधि, कार्यसमिति, उपसमित गठन प्रक्रिया र प्रत्येक समिति, उपसमितिले गर्ने कार्यहरु र भूमिकामा छलफल गराउने<br>• हरित घर तथा विद्यालय निर्माणको लागि आवश्यक पर्ने पक्षहरु (हरियाली प्रवर्धन, इको क्लब, पानी व्यवस्थापन तथा सरसफाइ, फोहोरमैला व्यवस्थापन, ऊर्जामैत्री घर तथा विद्यालय, सिकाइ केन्द्रको विकास र सञ्चालन) को परिचय दिने<br>• यी कार्यहरुको विद्यार्थी तथा विद्यालयको भूमिका पहिचान गर्ने र सहभागी हुने<br>• हरित घर,विद्यालय तथा दिगो विकास बिचको अन्तर सम्बन्ध बताउन लगाउने र यस्तो सम्बन्ध प्रवर्धन गर्न विद्यार्थी, विद्यालय, समुदाय, स्थानीय तहले खेल्नुपर्ने भूमिकामा छलफल गर्ने | • इको क्लबको परिचय दिन लगाएर<br>• इको क्लबको गठन प्रक्रिया बताउन लगाएर<br>• इको क्लबले हरित विद्यालय प्रवर्धन गर्न खेल्नुपर्ने भूमिका बताउन लगाएर<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक पर्ने आधारभूत पक्षहरुको परिचय दिन लगाएर<br>• यी पक्षहरुको कार्यान्वयन गर्न खेल्नुपर्ने भूमिका बताउन लगाएर | ६ |
| | | • स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु खोजी गर्न<br>• आकासे पानी संकलन विधि बताउन, संकलन गर्न र उपयोग गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास गर्न<br>• पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र पालिकाको भूमिका | **२.३ पानी र फोहोरमैला व्यवस्थापन**<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु र अकाशे पानी संकलन विधि<br>• घरायसी तथा विद्यालयबाट निस्केका ठोस फोहोरको व्यवस्थापन : बिन तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास)<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदुषणको | सिकाइ सिप<br>स्वव्यवस्थापन सिप<br>वातावरणप्रतिको सजगता र सम्मान सिप<br>वैयक्तिक जिम्मेवारी सिप | • पानीको दिगो व्यवस्थापन गर्ने उपायहरुमा छलफल गराउने जस्तो : पानीको मुहान संरक्षण गर्ने, वैकल्पिक पानीको व्यवस्थापन गर्ने (आकाशे पानी), भूमिगत जलभण्डारको रिचार्ज गर्ने, सरसफाइ व्यवस्थापन गर्ने, आकासे पानीको संकलन गर्ने आदि)<br>• आकासे पानीको संकलन गर्ने विधि भिडियोसहित प्रदर्शन गर्ने वा आकासे पानी संकलन गरेको अवलोकन गराउने (वर्षा, ट्यांकी, प्रशोधन, पयोग)<br>• घरायसी फोहोरमैलको व्यवस्थापन गर्ने विधिहरुमा छलफल गराउने<br>• घरायसी ठोस फोहोरमैलाको व्यवस्थापन अन्तर्गत विन कम्पोष्टिङ (भाडामा मल बनाउने विधि) र पिट कम्पोष्टिङ (खाडल र थुप्रो बनाएर मल बनाउने विधि) विधिको चित्र वा भिडियो वा प्रत्यक्ष अवलोकन गराएर जानकारी दिने<br>• उक्त विधिअनुसार विद्यालयमा विन र पिट | • पानीको दिगो व्यवस्थापन गर्ने तरिकाहरु सोधेर<br>• आकासे पानी संकलन र पयोग गर्ने तरिका बताउन लगाएर<br>• आकासे पानीको पयोग गरेको अवलोकन गरेर<br>• विद्यालय तथा घरायसी ठोस फोहोरमैलाको व्यवस्थापन गर्ने तरिकाहरु बताउन लगाएर<br>• विन र पिट कम्पोष्टिङ गर्ने तरिका बताउन लगाएर<br>• विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाएको | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बताउन | न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र गाउँपालिकाको भूमिका | | कम्पोष्टिङ विधिबाट कम्पोष्ट मल बनाउने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• उक्त विधिहरुबाट तयार भएको मल आवश्यकता अनुसार तरकारीखेती, फलफूलखेती, पुष्पखेतीमा उपयोग गर्ने, गर्न लगाउने<br>• वडा तथा गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण गर्ने उपाय तथा फोहोरमैला व्यवस्थापनमा विद्यालय, स्थानीय समुदाय, संघसंस्था र गाउँपालिकाको भूमिकामा छलफल गराउने | अवलोकन गरेर<br>• वडा र गाउँपालिका क्षेत्रमा प्रदुषण न्यूनीकरण गर्ने उपाय तथा फोहोरमैला व्यवस्थापनमा विद्यालय, समुदाय, संघसंस्था र गाउँपालिकाको भूमिका बताउन लगाएर | |
| ३ | मल्लरानीका सम्पदाहरु | • स्थानीय लोकगीतको रचना गर्न र हाउभाउ सहित तालमा नृत्य अभ्यास गर्न | • **गीत तथा नृत्य**<br>• स्थानीय लोकगीत<br>• तीजगीत, भैलोगीत, सोरठीगीत<br>• विभिन्न चाडवाडमा प्रचलित नृत्य, भैलोनृत्य | सञ्चार सिप<br>सिकाइ सिप<br>लोक संस्कृतिप्रतिको सजगता र सम्मान सिप<br>वैयक्तिक जिम्मेवारी सिप | • स्थानीय लोक गीतका भाका रेकर्डहरु सुनाउने<br>• सुनेको भाकामा गाउने अभ्यास गर्ने<br>• तीज गीत, भैलो गीत, सोरठी गीतका नमूना संकलन गर्न लगाइ अभिनय गर्ने<br>• विभिन्न चाडवाडमा प्रचलित नृत्य, भैलो नृत्यको अभ्यास गर्ने | • स्थानीय लोकगीतको रचना गर्न र हाउभाउ सहित तालमा नृत्य अभ्यास गर्न लगाएर | १० |
| | | • आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउतेकोट, चौरपानी सिद्धाथान, मल्लरानी झँक्रिस्थान, पालुकाथान, गुठकसेरी दरवार) को संरक्षण र प्रवर्धनका उपायहरु खोजी गर्न र उक्त कार्यमा सहभागी हुन | **ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा**<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा ( रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउतेकोट, चौरपानी सिद्धाथान मल्लरानी झँक्रिस्थान, पालुकाथान, गुठकसेरी दरवार) | सिकाइ सिप<br>स्वव्यवस्थापन सिप<br>सम्पदाप्रतिको सजगता र सम्मान सिप<br>वैयक्तिक जिम्मेवारी सिप | • पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाहरुमा स्थलगत भ्रमण गर्ने<br>• पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाको संरक्षणका उपायमा स्थानीय व्यक्तिहरुको राय सुझाव संकलन गर्ने<br>• पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा संरक्षणका उपायहरुको विषयमा कक्षामा छलफल गर्ने<br>• पालिकामा विद्यालयको नजिक रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाहरुको संरक्षणमा सहभागि हुनेगरी स्थलगत भ्रमण गर्ने | • आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाको भ्रमण प्रतिवेदन तयार पार्न लगाएर<br>• आफ्नो पालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाको संरक्षणका उपायहरु लेख्न लगाएर | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | को संरक्षण<br>• ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदा (रस्पुरकोट, प्रतापकोट, चुंजाकोट, सिउतेकोट, चौरपानी, सिद्धाथान मल्लरानी झँकिस्थान, पालुकाथान, गुठकसेरी दरवार) प्रवर्धनका उपायहरु | | | | |
| ४ | हाम्रा पेसा , व्यवसाय र प्रविधि | • घरमा उत्पादित अन्नहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग गर्न (कोदो, फापर)<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग गर्न, (सिमी, मास, भटमास, अडहर आदि) | • **अन्नहरुको उत्पादन तथा विक्री बितरण**<br>• घरमा उत्पादित अन्नहरुको उत्पादन तथा विक्री बितरण तथा खरिदमा सहयोग (कोदो, फापर)<br>• विद्यालयको करेसावारीमा उत्पादित तरकारी तथा दालहरुको बिक्रि वितरण गर्न सहयोग | सञ्चार सिप<br>सिकाइ सिप<br>स्थानीय पेसाप्रतिको सजगता र सम्मान सिप<br>वैयक्तिक जिम्मेवारी सिप | • घरमा उत्पादित अन्नहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग गरे नगरेको विषयमा कक्षामा छलफल गराउने (कोदो, फापर)<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तरकारीहरुको उत्पादनमा सहभागि गराउने<br>• घर तथा विद्यालयबाट उत्पादन गरिने तथा विक्री बितरणमा सहयोग गर्न लगाउने ( सिमी, मास, भटमास, अडहर आदि)<br>• | • घरमा उत्पादित अन्नहरुको उत्पादन तथा विक्री बितरणमा सहयोग गरेका कामहरुको सूची निर्माण गर्न | १० |
| | | • सरायनाच तथा कुलपुजाको ऐतिहासिक पृष्ठभूमि बताउन<br>• जात्राहरु (डोकेजात्रा, गाईजात्रा, रोपाईजात्राआदी) | सरायनाच,जात्रा तथा कुलपूजा<br>• सरायनाच तथा कुलपूजाको ऐतिहासिक पृष्ठभूमि जात्राहरु ( डोकेजात्रा, | सिकाइ सिप<br>स्वव्यवस्थापन सिप<br>परम्परागत संस्कृतिप्रतिको सजगता र सम्मान सिप | • सरायनाच तथा कुलपुजाको ऐतिहासिक पृष्ठभूमिको तथ्याङ्क अभिलेखको संकलन<br>• जात्राहरु (डोकेजात्रा, गाईजात्रा, रोपाईजात्रा आदी) ऐतिहासिक पृष्ठभूमिको अभिलेख संकलन र छलफल<br>• जात्राहरुको प्रवर्धनका उपायहरुको खोजी गर्ने, सूचीकरण गर्ने | • सरायनाच र प्रचलित जात्राहरुको ऐतिहाँसिक पृष्ठभूमीको तालिका वनाउ लगाएर<br>• जात्राहरु संरक्षण गर्न कसको के भूमिका रहन्छ लेख्न छलफल | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ऐतिहासिक पृष्ठभूमि बताउन र यी जात्राहरुको प्रवर्धनका उपायहरुको खोजी गर्न | गाईजात्रा, रोपाईजात्रा आदी) ऐतिहासिक पृष्ठभूमि जात्राहरुको प्रवर्धन | वैयक्तिक जिम्मेवारी सिप | | गर्न लगाएर | |
| | | • स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको पालनमा व्यवसायिक पालनको महत्व, व्यवसाय संचालनमा सहयोग गर्न ( गाईपालन, भैसीपालन) | • स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको पालनमा व्यवसायिक पालनको महत्व,<br>• पशुपंक्षी पालन र व्यवसाय संचालनमा सहयोग ( गाईपालन, भैसीपालन)<br>• | सिकाइ सिप स्वव्यवस्थापन सिप स्थानीय कृषि पेशाप्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप | स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी व्यवसायहरुको अवलोकन तथा छलफल गराउने<br>• स्थानीय स्तरका पशुपंक्षी सम्बन्धी पालनमा व्यवसायिक पालनको महत्वको समुदायमा भेटघाट छलफल गराउने<br>• , व्यवसाय संचालनमा सहयोग गर्न सकिने कार्यहरुको छलफल ( गाईपालन, भैसीपालन) गराउने | स्थानीय स्तरका पशुपंक्षी पालनलाई व्यावशायिक वनाउन गर्न सकिने कार्यहरु लेख्न भन्न लगाउने गाई पालन गर्न चाहिने पूर्वाधार भन्न लेख्न दिने | ७ |
| | | • स्थानीय स्तरका साना उद्योगहरुको परिचय दिन र उत्पादनमा सहयोग गर्न (ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी, चुलेसी आदि) स्थानीय परम्परागत प्रविधिको परिचय दिन र पयोग गर्न (आरन, काठको हलो, जुवा नारा आदि) | • **साना उद्योग तथा परम्परागत प्रविधि**<br>• स्थानीय स्तरका साना उद्योगहरुको परिचय<br>• सामग्री उत्पादनमा सहयोग (ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी, चुलेसी आदि) स्थानीय परम्परागत प्रविधिको परिचय स्थानीय प्रविधिका पयोग (आरन, काठको हलो, जुवा नारा आदि) | सिकाइ सिप सञ्चार सिप | • स्थानीय स्तरका साना उद्योगहरुको अवलोकन गर्ने गराउने<br>• सामग्री उत्पादनमा सहयोग ( ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी, चुलेसी आदि) गर्न सकिने कार्यहरु गर्न लगाउने<br>• स्थानीय परम्परागत प्रविधिको तस्वीर र सोको उपयोगितामा छलफल गराउने<br>• स्थानीय स्तरका साना उद्योग र त्यहाबाट उत्पादन हुने सामग्रीको नामावली संकलन गर्न लगाउने<br>• स्थानीय प्रविधिका पयोग (आरन, काठको हलो, जुवा नारा आदि) अवलोकन गरी निर्माण गर्ने अभ्यास गर्ने | • स्थानीय स्तरका साना उद्योगहरुको अवलोकन गरी प्रतिवेदन तयार गर्न लगाएर<br>• सामग्री उत्पादनमा सहयोग (ढाकाटोपी, अल्लोबाट सामग्री उत्पादन, काठका ठेकी, चुलेसी आदि) गर्न सकिने कार्यहरु के के हुन सक्छन वताउन लगाएर | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | व्यक्ति तथा संस्थाको परिचय र योगदान | • गाउँपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने संस्थाले गरेका मूख्य कार्यहरु बताउन<br>• गाउँपालिकाको सामाजिक क्षेत्रको विकासमा कार्य गर्ने संस्थाका कार्यहरु बताउन<br>• गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याउने संस्थाको परिचय र सेवाहरुको जानकारी दिन | • ५.१ गाउँपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने संस्थाले गरेका मूख्य कार्यहरु ( प्युठान क्याम्पस, महेन्द्र मा.वि.खलंगा , भानुभक्त प्राविधिक मा.वि.बर्बोट)<br>• | | • पालिकाका मूख्य शैक्षिक संस्थाको वर्तमान शैक्षिक अवस्थाका वारेमा वताउन लगाउने<br>• पालिकाको उच्च शिक्षा दिने सस्था प्युठान क्याम्पसले गरेका मुख्य कार्यहरु वताउन लगाउने र वताइदिने<br>• सदरमुकाममा रहेको प्युठान जिल्लाकै पहिलो नमुना विद्यालयले गरेका मुख्यकार्यहरु सकभर विद्यालयमै पुगेर विद्यालय प्रशासनबाट जानकारी लिन लगाउने<br>• जिल्लाकै पहिलो सामुदायिक प्राविधिक विद्यालयले शिक्षा क्षेत्रमा गरेका कार्यहरु विद्यालयको प्रगति प्रतिवेदन अध्ययन गरेर जानकारी लिन लगाउने र जानकारी गराउने<br>• शैक्षिक सस्थाहरुले गर्नु पर्ने थप शैक्षिक सुधारका कार्यहरुका वारेमा वताउन लगाउने र वताइदिने | • क्याम्पसले गरेका मुख्य कार्यहरु वताउन लगाएर<br>• महेन्द्र मा. विद्यालयले गरेका मुख्य कार्यहरु वताउन लगाएर<br>• प्राविधिक विद्यालयले गरेका मुख्य कार्यहरु वताउन लगाएर | ७ |
| | | | • ५.२ गाउँपालिकाको सामाजिक क्षेत्रको विकासमा कार्य गर्ने संस्थाका कार्यहरु ( वन महासघं र एफ.एम.रेडियोहरु) | | • पालिकामा सामाजिक क्षेत्रको विकासमा काम गरेका सस्थाहरुका वारेमा वताउन लगाउने र वताईदिने<br>• पालिकामा वन महासघंले गरेका कार्यहरु वन महासंघमा काम गर्ने व्यक्तिलाइ विद्यालयमै वोलाएर जानकारी गराउन लगाउने<br>• पालिकामा सञ्चालनमा रहेका एफ.एम. रेडियोहरु कति छन र ती कुन कुन हुन बताउन लगाउने र वताइदिने<br>• एफ.एम. रेडियोहरुले गरेका मुख्य कार्यहरु वताउन लगाउने र वताईदिने | • वन महासघंले गरेका कामहरु वताउन लगाएर<br>• पालिकामा सञ्चालनमा रहेका एफ.एम. रेडियो हरुको नाम वताउन लगाएर<br>• पालिकामा सञ्चालनमा रहेका एफ.एम. रेडियो हरुले गरेका कामहरु वताउन लगाएर | ४ |
| | | | • ५.३ गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याउने संस्थाको परिचय र सेवाहरुको जानकारी ( प्राथमिक स्वास्थ्य केन्द्र खलंगा) | | • मल्लरानी गाउँपालिकामा स्वास्थ्य क्षेत्रमा काम गर्ने संस्थाहरुका वारेमा वताउन लगाउने र वताइदिने<br>• स्वास्थ्य संस्थाहरुले गर्ने मुख्यकार्यहरु वताउन लगाउने र वताईदिने<br>• प्राथमिक स्वास्थ्य केन्द्र खलंगाको परिचय गराउने<br>• प्राथमिक स्वास्थ्य केन्द्र खलंगाले प्रदान गर्ने सेवाहरुका वारेमा वताउन लगाउने र | • मल्लरानीमा स्वास्थ्य क्षेत्रमा काम गर्ने संस्था हरुको नाम वताउन लगाएर<br>• स्वास्थ्य सस्थाले गर्ने कामहरु वताउन लगाएर<br>• प्राथमिक स्वास्थ्य केन्द्र खलंगाले प्रदान गर्ने | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | वताइदिने | सेवाहरुका वारेमा वताउन लगाएर | |
| ६ | विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय | • प्राकृतिक प्रकोपबाट बच्न स्थानीय तहले खेल्नुपर्ने भूमिका पहिचान गर्न<br>• मानवीय प्रकोप न्यूनिकरणमा स्थानीय तहको भूमिका पहिचान गर्न (सडक दुर्घटना लगायत)<br>• सुरक्षित विद्यालय बनाउन सरोकारवालाको भूमिका पहिचान गर्न<br>• सुरक्षित विद्यालयको निर्माणमा सहभागी हुन | • ६.१ प्राकृतिक विपद्बाट बच्न स्थानीय तहले खेल्नुपर्ने भूमिका पहिचान | | • प्राकृतिक विपद्हरुको बर्तमान अवस्थाका वारेमा वताउन लगाउने<br>• प्रकृतिक विपद् बाट वच्न खेल्नु पर्ने भूमिकाका वारेमा वताउन लगाउने र वताईदिने<br>• प्रकृतिक विपद् बाट वच्न स्थानीय तहले खेल्नु पर्ने भूमिकाका वारेमा छलफल गराउने र वताइदिने | • प्राकृतिक विपद्का वारेमा वताउन लगाएर<br>• प्राकृतिक विपद्कवाट वच्न खेल्नु पर्ने भूमिका वताउन लगाएर<br>• प्राकृतिक विपद्कवाट वच्न स्थानीय तहले खेल्नुपर्ने भूमिका वताउन लगाएर । | ३ |
| | | | • ६.२ मानवीय विपद् न्यूनिकरणमा स्थानीय तहको भूमिका पहिचान गर्न (सडक दुर्घटना लगायत) | | • स्थानीय स्तरका मानवीय विपद्हरुका वारेमा वताउन लगाउने र वताइ दिने<br>• मानविय विपद् आउनुका कारणहरु वताउन लगाउने र वताइ दिने<br>• मानवीय विपद् न्यूनीकरणमा स्थानीय तहको भूमिका छलफल गरी वताइदिने<br>• | • मानवीय विपद्का वारेमा वताउन लगाएर<br>• मानवीय विपद् आउनुका कारण वताउन लगाएर<br>• मानवीय विपद न्यूनीकरण गर्न स्थानीय तहको भूमिका वताउन लगाएर | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • ६.३ सुरक्षित विद्यालय बनाउन सरोकारवालाको भूमिका पहिचान गर्न<br>सुरक्षित विद्यालयको निर्माणमा सहभागी हुन | | • सुरक्षित विद्यालयको महत्व वताउन लगाउने र वताइदिने<br>• विद्यालयका सरोकारवालाहरु को को हुन भनि वताउन लगाउने र वताइदिने<br>• सुरक्षित विद्यालय निर्माणमा कुन कुन सरोकारवालाको कस्तो भूमिका हुनुपर्छ भनि वताउन लगाउने र वताइदिने<br>• सडक सुरक्षित विद्यालय निर्माणमा स्थानीय तहको भूमिका के हुनु पर्छ भनि आफ्नो वडामा गएर पत्ता लगाउँन लगाउने<br>• सुरक्षित विद्यालयको निर्माणमा सहभागि भइ आफ्नो विद्यालयलाई सुरक्षित विद्यालय वनाउन लगाउने<br>विद्यार्थीहरु के कसरी सहभागि हुनु पर्छ वताउन लगाउने र वताइदिने | • सुरक्षित विद्यालयको महत्व वताउन लगाएर<br>• विद्यालयका सरोकारवालाहरु वताउन लगाएर<br>• सुरक्षित विद्यालय बनाउन सरोकारवालाको भूमिका वताउन लगाएर<br>• सुरक्षित विदालय वनाउन स्थानीय तहको भूमिका वताउन लगाएर<br>• सुरक्षित विद्यालय निर्माणमा के कसरी सहभागि हुन सकिन्छ भनि वताउन लगाएर | ४ |

## ६. सम्भावित पयोगात्मक तथा परियोजना कार्यहरु

**कक्षा ६**

**परियोजना तथा पयोगात्मक कार्य**

- मल्लरानी गाउँपालिका तथा आफ्नो वडामा लैजानुहोस् । गाउँपालिकामा रहेका विषयगत शाखाहरु देखाउनुहोस् तिनिहरुका नामहरु टिपोट गर्न लगाउँनुहोस् । समूह विभाजन गरि विषयगत शाखा प्रमुख र वडा सचिव संग शाखा र वडाका कामहरुको विषयमा जानकारी लिन लगाउँनुहोस् । विद्यालयमा पुगेर गाउँपालिकाको वेवसाइट खोल्न वेवसाइटमा राखिएका ऐन नियम कानून र विभिन्न कार्यविधिहरु कुन शाखा संग सम्बन्धित छन् छुट्याउन  लगाइ विषयगत शाखाका कामहरु वेवसाइट बाट पनि समूहगतरुपमा टिपोट गर्न र प्रतिबेदन बनाएर समूहगत रुपमा कक्षामा  प्रस्तुत गर्नुहोस् ।
- विद्यालयको नर्सरी निर्माणकार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नाहरुलाई खालीठाउँमा रोप्नुहोस् । बेर्ना हुर्कनाकोलागि आवश्यक वस्तुहरुको नियमित रुपमा प्रवाह गर्नुहोस् । करिब २।३ महिनामा उक्त बेर्नाहरुको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरु र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर वरपरको खाली ठाउँ वा कौसी वा बरण्डामा सागपात तथा दैनिक रुपमा घरमा पयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रुपमा उक्त सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने वस्तुहरु (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तुहरु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नाहरुलाई खाली ठाउँमा रोप्नुहोस् । बेर्ना हुर्कनाको लागि आवश्यक वस्तुहरुको नियमित रुपमा प्रवाह गर्नुहोस् । करिब २।३ महिनामा उक्त बेर्नाहरुको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरु र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर वरपरको खाली ठाउँ वा कौसी वा बरण्डामा सागसब्जी तथा दैनिक रुपमा घरमा पयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रुपमा उक्त सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने वस्तुहरु (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तुहरु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

- स्थानीय स्तरमा गरिने खेतिपाती तथा व्यवशायिक पशुपालनको अवलोकन भ्रमण गर्नलगाई खेतिपातीबाट र पशुपालनबाट उत्पादित कृषिजन्य वस्तुको बिकी वितरणमा आफुले गर्न सकेका कार्य र त्यसबाट हुने फाइदाहरु के के हुन्छन् समेटेर प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।
- मल्लरानी का धार्मिक, ऐतिहाँसिक तथा पर्यटकीय क्षेत्रको स्थलगत भ्रमण गरी ती सम्पदाको ऐतिहासिक पृष्टभूमी,महत्व र संरक्षणका उपायहरु के के हुन सक्छन अनि संरक्षणमा तपाई के योगदान दिन सक्नुहुन्छ प्रतिवेदन तयार पार्नुहोस् ।
- स्थानीय प्रविधिको पर्योगले मानव जीवनमा के के कार्यलाई सहयोग गरेको छ ? ती प्रविधिको उपादेयता के छ र संरक्षण गर्न तपाईको भूमिका के हुन्छ साथीहरु मिलेर परियोजना कार्य तयार पार्नुहोस् ।
- तपाइको नजिकको विद्यालयको भ्रमण गरेर उक्त विद्यालयको स्थापना कहिले र क कस्को पहलमा भएको हो ? त्यस विद्यालयमा योगदान पुऱ्याउने ब्यक्तिहरु मध्ये कस्ले के योगदान पुऱ्याएका रहेछन पत्ता लगाइ एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

**कक्षा ७**

- समूह विभाजन गरी विषयगत शाखा  र वडाबाट सम्पन्न हुने कामहरुको जानकारी लिन विरामी भएर उपचार पाएका व्यक्ति, शिक्षक, कृषक समुदायमा रहेका विभिन्न उपभोक्ता समिति व्यापरी प्रत्येक्ष रुपमा भेटी गाउँपालिका बाट प्राप्त हुने सेवाहरुको विषयमा उहाँहरुबाट प्राप्त जानकारी र गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत संग विषयगत शाखाहरु बाट प्राप्त गरिने सेवाहरुको बारेमा जानकारी लिएर समूहगत रुपमा प्रतिबेदन बनाएर समूहगत रुपमा कक्षामा  प्रस्तुत गर्नुहोस् ।
- गड्यौला मल बनाउने विधि अनुसार घरमा गड्यौला मल बनाउनुहोस् र विद्यालयमा गड्यौला मल बनाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको गड्यौला मललाई पर्योग गर्ने विधि अनुसार तरकारीखेती, पुष्पखेती, फलफूलखेतीमा पर्योग गर्नुहोस् । यो मल पर्योग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभव समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
- घर तथा विद्यालयमा करेसाबारी/बगैंचा निर्माण गरी वा कौसी वा वरण्डा वा गमलामा तरकारीखेती/पुष्पखेती/फलफूलखेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरु, तिनीहरुको उपयोग, भएको फाइदा सम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

- स्थानीय स्तरमा गरिने खेतिपाती तथा व्यवशायिक पशुपालनको अवलोकन भ्रमण गर्नलगाई खेतिपातीबाट र पशुपालनबाट उत्पादित कृषिजन्य वस्तुको बिकी वितरणमा आफुले गर्न सकेका कार्य र त्यसबाट हुने फाइदाहरु के के हुन्छन् समेटेर प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।
- मल्लरानीका धार्मिक, ऐतिहाँसिक तथा पर्यटकीय क्षेत्रको स्थलगत भ्रमण गरी ती सम्पदाको ऐतिहासिक पृष्ठभूमी,महत्व र संरक्षणका उपायहरु के के हुन सक्छन अनि संरक्षणमा तपाई के योगदान दिन सक्नुहुन्छ प्रतिवेदन तयार पार्नुहोस् ।
- स्थानीय प्रविधिको पर्योगले मानव जीवनमा के के कार्यलाई सहयोग गरेको छ ? ती प्रविधिको ऐतिहाँसिक महत्व के छ र कुन कुन कार्यमा पर्योग गर्नुहुन्छ  साथीहरु मिलेर परियोजना कार्य तयार पार्नुहोस् ।
- तपाइको नजिकको विद्यालयको भ्रमण गरेर उक्त विद्यालय कुन कुन कुराबाट असुरक्षित छ पत्तालगाई उक्त विद्यालयलाई सुरक्षित विद्यालय बनाउन कस्ले के कस्ता पर्यासहरु गर्नु पर्छ  उल्लेख गर्दै एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

**कक्षा ८**

- समूहगत रुपमा गाउँपालिका तथा नजिकको वडा कार्यालयमा  पुगी सम्बन्धित शाखाका कर्मचारी, जनप्रतिनिधिहरु संग सोधपुछ गर्नुका साथै  वेवसाइट अध्ययन गरी मल्लरानी गाउँपालिकाको सेवा प्रवाहको बारेमा प्रतिवेदन तयार गर्नुहोस् र समूहगत रुपमा विद्यालयको कार्यक्रममा प्रस्तुत गर्नुहोस् ।
- घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको पर्योग गरी विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस् । आवश्यकता अनुसार उक्त तयारी मललाई  तरकारीखेती, पुष्पखेती, फलफूलखेतीमा पर्योग गर्नुहोस् । यो मल पर्योग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभव समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
- हरित विद्यालय निर्माणको लागि इको क्लबको गठन गर्नुहोस् । आवश्यकता अनुसार हरित विद्यालय निर्माण अन्तर्गतका पक्षहरु (ऊर्जा, पानी, सरसफाइ, फोहोरमैला, सिकाइ व्यवस्थापन, हरियाली प्रवर्धन आदि) को प्रभावकारी कार्यान्वयन गर्नको लागि उपसमिति समेत गठन गर्नुहोस् । उक्त उपसमितिले गरेका कार्यहरु र प्राप्त उपलब्धिहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र विद्यालयको कार्यक्रममा प्रस्तुत गर्नुहोस् ।
- स्थानीय स्तरमा गरिने खेतिपाती तथा व्यवशायिक पशुपालनको अवलोकन भ्रमण गर्नलगाई खेतिपातीबाट र पशुपालनबाट उत्पादित कृषिजन्य वस्तुको बिकी वितरणमा आफुले गर्न सकेका कार्य र त्यसबाट हुने फाइदाहरु के के हुन्छन् समेटेर प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

- मल्लरानीका धार्मिक, ऐतिहाँसिक तथा पर्यटकीय क्षेत्रको स्थलगत भ्रमण गरी ती सम्पदाको ऐतिहासिक पृष्टभूमी,महत्व र संरक्षणका उपायहरु के के हुन सक्छन अनि संरक्षणमा तपाई के योगदान दिन सक्नुहुन्छ प्रतिवेदन तयार पार्नुहोस् ।
- स्थानीय प्रविधिको पर्योगले मानव जीवनमा के के कार्यलाई सहयोग गरेको छ ? ती प्रविधि अन्तरगत तपाइले बनाउन सक्ने कुनै १ सामग्री निर्माणगरी सामग्री प्रदर्शनका साथै निर्माण प्रकृया उल्लेख गरी प्रतिवेदन तयार पार्नुहोस् ।
- सडकको नजिकमा रहेको विद्यालयमा गएर उक्त विद्यालय सडकवाट कसरी असुरक्षित छ र उक्त विद्यालयलाइ सडकबाट के कसरी सुरक्षित बनाउन सकिन्छ ? सुरक्षित बनाउने उपायहरु उल्लेख गर्दै एउटा प्रतिवेदन तयार गर्नुहोस ।

## ७. शिक्षण सहजीकरण विधि र प्रक्रिया

मल्लरानी गाउँपालिका भित्रका सबै वडाहरुका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरु राखिएको हुँदा उक्त विषयवस्तुको व्यावहारिक ज्ञान, सिप र अभिवृत्ति विकास लागि कक्षाभित्र वा बाहिर आफ्नो घर, समुदाय, संघसंस्था, धार्मिक स्थल, पेसा र व्यवसाय स्थल, वन सम्पदा, जल सम्पदामा भ्रमण गरी पञ्चज्ञानेन्द्रीयद्धारा प्रत्यक्ष अवलोकन तथा पर्योग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ । पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, नमुना निर्माण, पर्योग, फोटो जस्ता रोचक वस्तुहरू मार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नु पर्दछ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धति तथा उपागमलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै पर्योगात्मक क्रियाकलापबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ । अझ स्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढि नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइ मार्फत बालबालिकाहरुमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन पर्यत्नशील रहनुपर्छ ।

आधारभूत तहको कक्षा ६ देखि ८ सम्म राखिएका विषयवस्तुहरु सहजीकरण गर्न निम्न विधि र तरिकाहरुको पर्योग गर्न सकिने छ ।

| क्र.स. | शिक्षण विधि | पर्योग गर्न सकिने विषयवस्तुहरु |
|---|---|---|
| १ | पर्योगात्मक विधि | गरेर सिक्ने क्रियाकलापहरु यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरुवा तथा जनावरको हेरचाह, वृक्षारोपन, पशुपालन, पंक्षीपालन, तरकारीखेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्धारा प्रदर्शन आदि । |
| २ | अवलोकन र परियोजना विधि | गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि पर्योग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरुको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रीयहरुको पर्योग द्धारा सिक्ने क्रियाकलापहरु यस |

| | | |
|---|---|---|
| | | अन्तर्गत पर्दछन् । |
| ३ | क्षेत्र भ्रमण विधि | कक्षाकोठा बाहिर रहेका वस्तुहरुको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, वन, पोखरी, ताल, खेती, पालन आदि । |
| ४ | छलफल विधि | कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रुपमा छलफल गरी निष्कर्ष निकाल्न पर्योग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरु, धार्मिक सम्पदानको संरक्षणका उपायहरु, बालबगैँचाको महत्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरु आदि । |
| ५ | समस्या समाधान विधि | कुनै समस्या दिई समाधानको लागि उपायहरु पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तो : पुष्पखेती गर्ने, बाँसको चोयाबाट डालो बुन्ने, मकैको प्वाखबाट चकटी बुन्ने, वृक्षरोपण गर्ने, सरसफाइ गर्ने आदि । |
| ६ | प्रश्नोत्तर | जुन सुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षाकार्य वा समूहकार्य गराउँदा, विषयवस्तुको प्रस्तुती अघि, प्रस्तुतीकरणको समय र अन्तमा, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको पर्योग गर्न सकिन्छ । |
| ७ | घटना अध्ययन, मामला अध्ययन | वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुतीकरण गर्न यस विधिको पर्योग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्यांग, तरकारी खेती, कुखुरापालन आदि । |
| ८ | प्रदर्शन विधि | कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन् । जस्तै : मल्लरानी गाउँपालिकाको नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शन समेत पर्दछ । जस्तै : तरकारीखेती, पशुपालन, कुखुरापालनको भिडियो आदि । |
| ९ | सोधखोज विधि | विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको पर्योग गर्न सकिन्छ । |
| १० | कथाकथन विधि | विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको पर्योग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको पर्योग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ । |

माथि उल्लेख गरिएका विधिहरुका अलावा विषयवस्तुको प्रकृति अनुसार अन्य विधिहरुको समेत पर्योग गर्न सकिन्छ । विधिहरुको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरुको पर्योग गर्न सकिन्छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

अ) मष्तिष्क मन्थन (आ) तर्क विश्लेषण (इ) सोच-जोडीमा छलफल-आदान प्रदान (ई) जोडीमा पढाइ र जोडीमा सारांश (उ) संक्षिप्त लेखन ऊ) मान्यता (ए) घुलमिल/स्थिर/जोडी

## ८. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका पयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन पयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका पयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणीमापन लगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्या लगायत कक्षासहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजनाकार्य, पयोगात्मककार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न पयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइ पश्चात गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको पयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि.नं. | मूल्याङ्कनका पक्ष | अंक भार |
|---|---|---|
| १ | **सहभागिता** | **४** |
| २ | **पयोगात्मक/परियोजना** | **३६** |
| | (क) पयोगात्मक तथा परियोजना कार्यको तयारी (योजना) | ६ |
| | (ख) पयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | २० |
| | (ग) परियोजना कार्य तथा पयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | (घ) अन्तर्वार्ता | ४ |
| **३** | **त्रैमासिक परीक्षा** | **१०** |
| | जम्मा | ५० |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

**द्रष्टव्य :**

- सहभागिता अन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् ।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धति अनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिने छ ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।
- त्रैमासिक परीक्षामा सुरु देखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ ।
- वार्षिक रुपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार (सहभागिता ४, परियोजना कार्य, पर्योगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड पोइन्ट (**Grade Point Average-GPA)** कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्ने छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकता अनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्री लगायतको उपयोग गर्नुपर्ने छ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, साङ्केतिक भाषा वा सङ्केत पर्योग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रुचि र आवश्यकताका आधारमा समय तालिका बनाई सोअनुसार मूल्याङ्कन गर्नुपर्ने छ ।

विद्यार्थी मूल्याकनको नतिजा विवरण ( Grade Sheet) यसप्रकार हुने छ :

विद्यालयको नाम : ................................

विद्यार्थीको नाम :

कक्षा : ............ रोल न.......... जन्म मिति :

**नतिजा विवरण ( Grade Sheet)**

| क्र.सं | ीवषय | पाठ्य घण्टा | ग्रेड | ग्रेड पोइन्ट | अन्तिम ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाली (सैद्धान्तिक)<br>नेपाली (आन्तरिक) | २.५<br>२.५ | | | | |
| २ | अङ्ग्रेजी (सैद्धान्तिक)<br>अङ्ग्रेजी (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ३ | गणित (सैद्धान्तिक)<br>गणित (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ४ | विज्ञान तथा प्रविधि (सैद्धान्तिक)<br>विज्ञान तथा प्रविधि (आन्तरिक) | २.५<br>२.५ | | | | |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (सैद्धान्तिक)<br>सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (आन्तरिक) | २.५<br>२.५ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (सैद्धान्तिक)<br>स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (आन्तरिक) | १.५<br>१.५ | | | | |
| ७ | मातृभाषा वा स्थानीय विषय (सैद्धिान्तिक)<br>मातृभाषा वा स्थानीय विषय (आन्तरिक) | २<br>२ | | | | |
| **ग्रेड पोइन्ट औसत (Grade Point Average-GPA) =** | | | | | | |

विषय शिक्षकको हस्ताक्षर : प्रधानाध्यापकको हस्ताक्षर :

नाम : नाम :

मिति :

**(ख) आवधिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, पर्योग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । यस पाठ्यक्रममा कक्षा ८ को विशिष्टीकरण तालिका विकास गरिएको छ । यसलाई आधार मानेर विद्यालयले अन्य कक्षा ४, ५, ६ र ७ को विशिष्टीकरण तालिका निर्माण गरी अन्तिम परीक्षा (५० पूर्णाङ्कको परीक्षा) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

**विषयवस्तुको क्षेत्र/एकाइ र अनुमानित कार्य घण्टा (कक्षा ६, ७ र ८)**

| क्र.स. | **क्षेत्र/एकाइ** | **अनुमानित कार्य घण्टा** | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | मल्लरानीको परिचय | २० | २० | २० |
| २ | हाम्रो वातावरण | २८ | २८ | २८ |
| ३ | मल्लरानीका सम्पदाहरु | २० | २० | २० |
| ४ | हाम्रा स्थानीय पेसा ,व्यवसाय, प्रविधि | ३५ | ३५ | ३५ |
| ५ | व्यक्ति र संस्थाको परिचय र योगदान | १५ | १५ | १५ |
| ६ | प्रकोप व्यवस्थापन र सुरक्षित विद्यालय | १० | १० | १० |
| जम्मा | | **१२८** | **१२८** | **१२८** |

# विशिष्टीकरण तालिका

कक्षा ६–८

पूणाङ्क : ५०　　　　　समय :  २ घण्टा

| प्रश्न योजना तथा अङ्कभार वितरण | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाइ | क्षेत्र/एकाइ | पाठ्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | पयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
| | | | | अति छोटो | छो टो | ला मो | अति छोटो | छो टो | ला मो | अति छोटो | छो टो | ला मो | अति छोटो | छो टो | ला मो | अति छोटो | छोटो | ला मो | अति छोटो | छो टो | लामो | |
| १ | मल्लरानीको परिचय | २० | ८ | १ | १ | | १ | | १ | | | | | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| २ | हाम्रो वातावरण | २८ | १० | | | | | | | | १ | १ | | | १ | | १ | २ | | २ | ८ | १० |
| ३ | मल्लरानीका सम्पदाहरु | २० | ८ | १ | १ | | १ | | | | | | | | १ | २ | १ | १ | २ | २ | ४ | ८ |
| ४ | हाम्रा स्थानीय पेसा ,व्यवसाय, प्रविधि | ३५ | १४ | २ | | | | १ | १ | | १ | १ | | | | २ | २ | २ | २ | ४ | ८ | १४ |
| ५ | व्यक्ति र संस्थाको परिचय र योगदान | १५ | ६ | | १ | | | १ | | | १ | | | | | | ३ | | | ६ | | ६ |
| ६ | विपद् व्यवस्थापन र सुरक्षित विद्यालय | १० | ४ | | | | | | | | १ | | | १ | | | २ | | | ४ | | ४ |
| जम्मा | | १२८ | ५० | ४ | ३ | | २ | २ | २ | | ४ | २ | | १ | २ | ६ | १० | ६ | ६ | २० | २४ | **५०** |

**प्रश्न सङ्ख्या, अङ्कभार र समय तालिका**

| **क्र.स.** | **प्रश्नको प्रकार** | **प्रश्न सङ्ख्या** | **प्रति प्रश्न अङ्कभार** | **जम्मा अङ्कभार** | **समय** |
|---|---|---|---|---|---|
| १ | अति छोटो प्रश्न | ६ | १ | ६ | २ घण्टा |
| २ | छोटो प्रश्न | १० | २ | २० | |
| ३ | लामो प्रश्न | ६ | ४ | २४ | |
| जम्मा | | २३ | | ५० | |

**द्रष्टव्य :**

- सामान्यतया ज्ञान तहका प्रश्न २० प्रतिशत, बोध तहका प्रश्न ३० प्रतिशत, पयोग तहका प्रश्न ३० प्रतिशत र उच्च दक्षताका प्रश्न २० प्रतिशत हुने छन् । तर संज्ञानात्मक क्षेत्रका तहहरूभित्र समेत ±२ हुने गरी प्रश्न निर्माण गर्न सकिने छ ।
- उच्च दक्षता अन्तर्गत विश्लेषण, मूल्याङ्कन र सिर्जना रहने गरी प्रश्न निर्माण गर्नुपर्ने छ ।